भारतीय संघीय ढाँचामा क्षेत्रीय स्वायत्त... ४
आमाको दूध छुटाउनअघि ५
यस्ता छन् मेस्सीका भित्री कुराहरू! ६




सिक्किम र आसामबाट एकैसाथ प्रकाशित

# हाम्रो प्रजाशक्ति

VISIT OUR WEBSITE
hamroprajashakti.com
&
www.himalayanmirror.net
For Ads, Contact :
9832366113 (Gangtok)
9832684683 (Siliguri)

वर्ष - १९, अंक - १० ■ वि.सं. २०७४, फागुन २९ गते ■ गान्तोक, मंगलवार, १३ मार्च, २०१८ www.hamroprajashakti.com ■ MARCH, 13 2018 TUESDAY, GANGTOK ■ मूल्य ₹ ५/-

## आजदेखि दुइ दिवसीय बिजनेस समिट

# चिया र पर्यटन उद्योगमा करोड़ौंको लगानीको सम्भावना

**सिलगढ़ी, १२ मार्च।** पोहोर गोर्खाल्याण्ड आन्दोलनको अवधि अनिश्चितकालीन बन्द र कथित हिंसाले गर्दा केही अशान्त देखिएको पहाड़मा अहिले शान्ति र स्वाभाविक स्थिति फर्किएको छ। स्वाभाविक लयमा फर्किएको दार्जीलिङ पहाड़मा ठूला उद्योगपतिहरूले लगानी गरोस् भन्ने यहाँका व्यापारीहरू चाहन्छन्। पहाड़का व्यापारीहरूदेखि लिएर साधारण मानिसहरूले दार्जीलिङमा मंगलवारदेखि शुरू हुने हिल बिजनेस समिटतिर हेरिरहेका छन्। मुख्यमन्त्री ममता ब्यानर्जीले मंगलवार हिल बिजनेस समिटको उद्घाटन गर्ने छिन्। यसको निम्ति तिनी सोमवार साँझ दार्जीलिङ पुगिन्।



राज्य सचिवालय नवान्न सूत्रबाट प्राप्त जानकारीअनुसार हिल बिजनेस समिटमा हर्ष नियोटिया, मयङ्क जालान, उमेश चौधरी जस्ता पहिलो श्रेणीका उद्योगपतिहरू उपस्थित रहने छन्। उमेश चौधरी, सञ्जीब गोयन्का, मयङ्क जालान, हर्ष नियोटिया जस्ता पहिलो श्रेणीका उद्योगपति अथवा तिनीहरूका प्रतिनिधिहरू हिल बिजनेस समिटमा उपस्थित हुने निश्चित छ। यस बाहेक केही ठूला कम्पनीका प्रतिनिधिहरू पनि समिटमा उपस्थित रहने छन्। समिटमा उत्तर बंगालका पहिलो श्रेणीका उद्योगपति कमल मित्तल लगायत धेरैजना नै उपस्थित रहने छन्। राज्यका पर्यटनमन्त्री गौतम देव, उत्तर बंगाल विकासमन्त्री रवीन्द्रनाथ घोष, इन्द्रनील सेनलगायत राज्यका कम्तीमा डेढ़ दर्जन मन्त्रीहरू पनि यस समिटमा उपस्थित रहने जनाइएको छ। अस्वस्थ रहेकोले राज्यका उद्योग तथा वित्तमन्त्री अमित मित्र समिटमा अनुपस्थित रहने आधिकारिक सूत्रको भनाई छ। यद्यपि राज्यका उद्योग सचिव लगायत विभिन्न मन्त्रालयका प्रायः सबै वरिष्ठ अधिकारीहरू दार्जीलिङ समिटमा उपस्थित रहने छन्। सीआईआईलाई साथमा लिएर जीटीएले दुई दिनव्यापी हिल बिजनेस समिटको आयोजना गर्दैछ। सीआईआईको उत्तर बंगाल शाखाले आशा गरेअनुसार हिल बिजनेस सम्मिटमा चिया, पर्यटन, फलफूल आधारित उद्योगमा कम्तीमा डेड़ हजार करोड़ रुपियाँ लगानीको घोषणा हुनसक्छ। पहाड़का व्यापारीहरूको मतमा लगानी रकमको अंक ठूलो नभए समस्या हुनसक्छ। पोहोर आन्दोलनको अवधि पहाड़लाई धेरै आर्थिक क्षति भएको व्यापारीहरू बताउँछन्। आन्दोलनको अवधि चिया र पर्यटन उद्योगलाई मिलाएर कम्तीमा तीन सय करोड़ रुपियाँको नोक्सानी भएको पहाड़का व्यापारीहरूको दावी छ। त्यसैले त्यो नोक्सानीको भरपाई गरेर नाफा कमाउन पहाड़मा ठूलो रकम लगानीको आवश्यकता रहेको तिनीहरू बताउँछन्। सीआईआईको उत्तर बंगाल शाखाका चेयरम्यान राजीव लोचनको बयानबाट व्यापारीहरूको यस्तो आशा पूरा हुने सम्भावना देखिँदैछ। तिनले भने, सीआईआईको तर्फबाट चिया, पर्यटन लगायत विभिन्न उद्योगमा चासो देखाउने लगानीकर्ताहरूको एउटा सूची नै तयार गरिएको छ। राज्य सरकारसँग केही सूचना प्रौद्योगिकी संस्थानहरूको पनि प्रारम्भिक कुराकानी भएको च। दार्जीलिङ पहाड़मा सफ्टवेयर र हार्डवेयर निर्माणको मिनि हब बनाउने प्रस्ताव पनि छ। दार्जीलिङमा पर्यटन उद्योगमा पनि केही लगानी गर्ने सम्भावना छ। उता, गोर्खाल्याण्ड टेरिटोरियल एडमिनिस्ट्रेशन (जीटीए) केयरटेकर बोर्ड पहाड़को दार्जीलिङ, कालेबुङ, खरसाङ र मिरिकमा उद्योगपतिहरूद्वारा हजारौं करोड़ रुपियाँको लगानी गर्ने घोषणा गरियोस् भन्ने चाहन्छ।

## गोजनामोले दियो नगरपालिका अध्यक्षलाई ज्ञापन

**सिलगढ़ी, १२ मार्च।** गोर्खा जनमुक्ति नारी मोर्चा, केन्द्रीय समितिको एउटा प्रतिनिधि टोलीले सोमवार खरसाङ नगरपालिका अध्यक्षसित भेट गर्दै खरसाङ नगरपालिका क्षेत्र अन्तर्गतका विविध समस्याहरूको यथाशीघ्र समाधान गरिनुपर्ने अपीलका साथ एउटा ज्ञापन-पत्र चढ़ाउने काम गऱ्यो। गोजनामो केन्द्रीय समिति, जीटीए-की संयोजिका श्रीमती छिरिङ दाहालको नेतृत्वमा गएको उक्त टोलीमा मुख्य रूपमा गोजनामो खरसाङ महकुमा कमिटीकी सभापति श्रीमती अनु प्रधान, सचिव विमला लामा, कार्यकारी सचिव दीपा छेत्रीसहित जैतुन निशा, मैया ठकुरी, इन्दिरा थापा, सुषमा सिंग आदिको सहभागिता थियो। उक्त टोलीले सोमवार विविध समस्याहरूको यथाशीघ्र समाधान गरिनुपर्ने माग गर्दै खरसाङ नगरपालिका अध्यक्ष, उपाध्यक्ष अनि नगर पार्षद्हरूको उपस्थितिमा एउटा ज्ञापन सुम्पिने काम गऱ्यो।

▶रहल पाता २-मा

# मुख्यमन्त्री ममता दार्जीलिङमा

**दार्जीलिङ/ खरसाङ, १२ मार्च :** राज्य सरकारको प्रयासमा पहिलोपल्ट दार्जीलिङमा भोलिदेखि विजनेस समिट हुने भएको छ। सो दुई दिवसीय विजनेस समिटमा भाग लिन मुख्यमन्त्री ममता ब्यानर्जी साँझ दार्जीलिङ आइपुगिन्। उनी यहाँको सरकारी अतिथि गृह रिचमाउण्ड हिलमा विश्राम लिने थाहा लागेको छ।

यस दुई दिवसीय विजनेस समिटमा देशको ठूल्ठूला उद्योग घरानाले प्रतिनिधित्व गर्नेछन्। भोलि प्रथम दिनको कार्यक्रममा मुख्यमन्त्री ममता ब्यानर्जी लगायत अन्य वरिष्ठ विजनेस म्यानहरूले उद्घाटन गर्छन्। सोही क्रममा१४ मार्चको दिन दार्जीलिङ पार्वतीय क्षेत्रको लागि ठूल्ठूला उद्योगहरूको घोषणा हुने प्रबल सम्भावना छ।

आज साँझ मुख्यमन्त्री ममता ब्यानर्जीको दार्जीलिङ प्रवेश क्रममा यहाँको गोर्खा रङ्गमञ्चको अधितिर मुसलधारे पानी परेको कराण मञ्च नै ढलेर फेरि बनाउने काममा जुट्यो।

यता, गोजमुमो केन्द्रीय संगठनिक प्रमुख एलएम लामाको नेतृत्वमा मुख्यमन्त्री ब्यानर्जीलाई स्वागत गरे। त्यस अवधि गोजमुमो दार्जीलिङ महकुमा समिति अध्यक्ष आलोक कान्तमणि थुलुङ, मोर्चा केन्द्रीय उपाध्यक्ष सतिश पोखरेल आदि उपस्थित रहेको थियो। त्यसरी नै राज भवनको अधितिर दार्जीलिङ जिल्ला हिल तृणमूल काग्रेसको कार्यकर्ता एंव समर्थकहरू स्वागत जनाए। हिल तृणमूल कंग्रेसका वरिष्ठ कार्यकर्ता मिलन डुक्पा, शारदा राई आदि उपस्थित थिए।



**यता,** दुइ दिवसीय उद्योग सम्मेलनमा सामेल हुनका लागि सड़क मार्ग भएर दार्जीलिङ प्रस्थान गर्ने क्रममा मुख्यमन्त्री ममता ब्यनर्जी लगभग ४:२०बजे खरसाङ आइपुगेकी थिइन्।

यस अवधि यहाँको मोटर स्ट्याण्डमा बोर्ड अफ एडमिनिस्ट्रेटर (बीओए) का उपाध्यक्ष अनित थापाको नेतृत्वमा एकत्रित भएका गोजमुमो समर्थकहरू सहित अन्यले मुख्यमन्त्रीलाई झण्डा हल्लाएर स्वागत जनाए। मुख्यमन्त्रीले दुवै हात जोड़ेर मानिसहरूको अभिवादन स्वीकारिन्। यस अवसरमा खरसाङ नगरपालिका अध्यक्ष कृष्ण लिम्बु सहित केही कमिश्नरहरू, बीओए सदस्य जैतुन निशा, अणु प्रधान, गोजमुमो नेता रतन थापा, गोजमुमो खरसाङ महकुमा कमिटी अध्यक्ष किशोर थापा, जीटीएका पूर्व सभासद प्रभा छेत्री सहित अन्यको व्यापक उपस्थिति रहेको थियो। मानिसहरूले सोचेका थिए कि खरसाङ मोटर स्ट्याण्डमा केही बेर बसेर मुख्यमन्त्रीले मानिसहरूको अभिवादन स्वीकार्नेछन् तर उनी त्यहाँ नबसी सोझै आफ्नो गन्तव्य दार्जीलिङ तर्फ प्रस्थान भइन्।

यता तृणमूल कंग्रेसका वरिष्ठ नेता प्रदीप प्रधान अनि वार्ड नं० १५का वार्ड कमिश्नर सन्तोष पटवारी आफ्ना समर्थकहरूसित मोटर स्ट्याण्डदेखि केही टाड़ा हिलकार्ट रोडमा मुख्यमन्त्रीको स्वागतमा उभिएका थिए भने तृकं समर्थक खरसाङ नगरपालिकाको वार्ड नं० ११-का कमिश्नर मिंग्मा भोटिया र वार्ड नं० १२-का कमिश्नर पेम्बा तामाङ पनि आफ्ना समर्थकहरूसित टुरिष्ट लज नजिक मुख्यमन्त्रीको स्वागतमा तैनाथ थिए। मुख्यमन्त्रीको दार्जीलिङ आगमनलाई मध्यनजर गर्दै यहाँको धोबीखोला क्षेत्रदेखि टुरिष्ट लजसम्म सड़कका दुवै किनारमा तृकंको झण्डा लगाएर सिंगारिएको थियो।

# पानीले भल पैह्रो, घरहरु जलमग्न, रम्फूवासी त्राही-त्राही



**रम्फू, १२ मार्च:** आज दिउँसोदेखि अचानक परेको भीषण पानीले सिक्किमको प्रमुख प्रवेशद्वार रम्फूमा भारी नोक्सानीका साथ घरहरूमा पानी पसेर त्राही त्रात्री मच्चायो। रम्फू-रिनाकबीच कुम्रेक नजिक पैह्रो जाँदा यातायात अवरूद्ध भएको छ भने बाटोमा पानी बगेर धेरै दोकान र घरहरूमा व्यापक नोक्सानी पुऱ्याएको छ। रम्फू बजार निवासी मनिगीलाल जैन नामक एक व्यक्ति अनुसार उनको दोकानमा अचानक भल पसेर एक लाख भन्दा अधिकको राशन सामग्री भिजेर स्वाह भएको छ। यो घटना पहिलो पटक भएको होइन पहिला पनि पानी पसेको तर यति धेरै मात्रामा त्रास भने पहिलो पल्ट मच्चाएको भनी बताएका छन्। सबै भन्दा धेर नोकसानी रम्फू तल्लो बजार आईबीएम र फाटक लाइनको घरहरूमा भएको छ। फाटक लाइनका सबै घरहरूमा पानी पसेर डुबउको स्थिति बनेको छ भने आईबीएम क्षेत्रमा जल निकासीको उचित व्यवस्था नभएको कारण घर र आँगनहरू सहित सड़कमा पनि पानी जमेको देखियो। यसरी अचानक स्थिति बिग्रिनको मुख्य कारण जल निकासीको उचित व्यवस्था नभएको आम नागरिक र क्षेत्रवासीहरूले गुनासो पोखेका छन्। यसबारेमा धेरै पल्ट सम्बन्धित विभागहरू समक्ष गुनासो पोखे तापनि अझसम्म कुनै पनि प्रकारको पहल हुन नसकेको भनी बताएका छन्। कुनै पनि प्रकारको जनहानी नभए पनि आम मानिस बीच डरको साथ व्यापक नोकसानी सहित अन्य धेर समस्या उत्पन्न भएको बताइएको छ। अर्कातिर अचानक असिना पानीको आक्रमणले गाउँ बस्तीको खेतीमा भने भारी नोक्सानी भएको जानकारी प्राप्त भएको छ। रम्फू आईबीएम क्षेत्रकी पार्षद सावित्री प्रधानले झरीको पर्वाह नगरी प्रभावित घरहरूको निरीक्षण गरेको देखियो।

# सिङताम स्कूल बिल्डिङ खतरामा



**सिङताम, १२ मार्च।** आज पश्चिम पाण्डाम क्षेत्रको विभिन्न ठाउँमा असिना पानी पऱ्यो। अपरहान्न परेको आजको बाक्लो असिना पानीले क्षेत्रमा नोक्सान नपुराएता पनि निकै ठण्डा बढाएको थियो। पानी नपरेकोले विशेष कृषकहरु आफ्नो खेती गर्नमा

▶रहल पाता २-मा

## घरको एलटमेन्ट अडर हातमा लिएर

# झोपडीमा बस्न बाध्य ८० वर्षीय वृद्धा

**मधु शर्मा**

**गेजिङ, १२ मार्च:** मुख्यमन्त्री पवन चामलिङले सिक्किम राज्यलाई झोपड़ीमुक्त राज्य बनाउने योजनाहरू तयार गरेर मुख्यमन्त्री ग्रामीण आवास योजनाहरू राज्यका चारै जिल्लामा शुरू गरेको पनि धेरै वर्ष भइसकेको छ भने कतिपय गरीब जनताले घर बनाउने एलटमेन्ट अर्डर पाएर पनि अझैसम्म घर नबिएको कुरा बारम्बार प्रकाशमा आइरहेको छ। यसैक्रममा पश्चिम जिल्लाको जूम सालघारी निर्वाचन क्षेत्रको गेलिङ सामसिङ ग्राम पञ्चायत भित्रबाट पुनः एउटा जन गुनासो अघि आएको छ। गत ११ जनवरी २०१४-का दिन सामसिङ गेलिङ ग्राम प्रशासन केन्द्रमा बसेको ग्रामसभाले पारित गरी सामसिङ गेलिङ वार्ड नम्बर-१ निवासी रस माया छेत्रीलाई मुख्यमन्त्री ग्रामीण आवास योजना दिने प्रस्ताव पारित गरी ८ फरवरी २०१४-को दिन उक्त वृद्धा रसमाया छेत्रीको नाममा सरकारी घर बनाउने एउटा एलटमेन्ट अर्डर प्राप्त भएको थियो। तर आज मार्च २०१८-सम्म उक्त घर बनिएको छैन।


RURAL MANAGEMENT AND DEVELOPMENT DEPARTMENT
GOVERNMENT OF SIKKIM
ALLOTMENT ORDER
Allotment No: 0836-1.0011 (Unique No. to be provided by the District) Date 18.2.14
To, Rash Maya Chettri (Name of beneficiary)
Chumbung (Block)
Sansing-Gelling (GPU)
01 (Ward)
I am directed to inform you that the Government of Sikkim has sanctioned the Chief Minister's Rural Housing Mission in your favour, subject to following terms and conditions:
1. The Allotment Order is based on the approval of the Gram Sabha held on 11.01.2014 and the self declaration made by you.
2. The house construction shall be initiated only after receiving the Work Commencement Order from the office of the Gram Vikas Adhikari. Before issuing the Work Commencement Order, the Gram Vikas Adhikari shall conduct a spot verification to ascertain the eligibility of the beneficiary for this Scheme.
3. No contractor shall be involved in the construction of house.
4. The spirit of the CM's Rural Housing Mission is that house should be constructed by the beneficiary herself/ himself with financial assistance from the Government of Sikkim.
5. The design of the house will be as follows:
a. Size: Plinth area should not be less than 605 sq.feet
b. Foundation: RCC with 9 columns
c. Walls: should be half brick walling over RCC frame
d. Flooring: should be Cement Concrete
e. Roofing: RCC Slab 4 inches thick / GCI Shed Roof
f. Sanitation: One toilet with septic tank
6. The beneficiary shall provide land for the construction of the house and also take the lead in construction.
7. The beneficiary shall also contribute in terms of self-contribution and co-financing to ensure that the house gets completed in a time bound manner.
8. Once the house construction is completed, the beneficiary will undertake to take over the same from RM&DD and assume responsibility of future maintenance and repair.
West (Name of District) Signature of ADC (Development)

यसमाथि आश्चर्य व्यक्त गर्दै उक्त ८० वर्षीय लाभार्थीले वर्तमान सरकार तथा मुख्यमन्त्री समक्ष यसै समाचार पत्र मार्फत गुहार लगाएकी छन्। **हाम्रो प्रजाशक्ति**-लाई प्राप्त

▶रहल पाता २-मा

# विनयले गरे मेडिकल यूनिट एवं मोबाइल भ्यानको उद्घाटन



**दार्जीलिङ १२ मार्च।** जीटीए चेयरम्यान विनय तामङले हरियो झण्डा देखाएर मेडिकल युनिट मोबाइल भ्यान प्रस्थान गराए। दार्जीलिङ पार्वत्य क्षेत्रका दुर्गम इलाकाहरूमा बसोबासो गर्ने मानिसहरूलाई स्वास्थ्यबारे कुनै प्रकारको असुविधा नहोस भन्ने हेतुले जीटीएले चारवटा मेडिकल युनिट मोबाइल भ्यान चलाउने सोच बनाएको तथा सोही सोचलाई साकार रूप दिंदै सोमवार जीटीए मुख्यालय लालकोठीको प्राङ्गणमा आयोजित एउटा कार्यक्रममा यसको विधिवत् उद्घाटन गरिने काम गरियो। चेयरम्यान विनय तामाङले हरियो झण्डा देखाएर चारवटा मेडिकल युनिट मोइबल भ्यानलाई दार्जीलिङ सदर अस्पताल, कालेबुङ अस्पताल, मिरिक स्वास्थ्य केन्द्र अनि खरसाङ स्वास्थ्य केन्द्रका लागि प्रस्थान गर्ने कार्य गरे।

कार्यक्रममा जीटीए चेयरम्यान विनय तामङ प्रमुख अतिथिको रूपमा उपस्थित थिए भने अन्य अतिथिहरूमा क्रमैले जीटीएका मुख्य सचिव सुब्रतो विश्वास, सचिव सी. मुर्गन उपस्थित थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै श्री तामाङले आफूले जीटीए चेयरम्यानको कार्यभार सम्हालेको दिन नै दार्जीलिङ पार्वत्य क्षेत्रका पाँचवटा मुख्य विषयहरूमा सुधार गर्ने अठोट गरेको जनाउँदै तीमध्ये स्वास्थ्य पनि एउटा रहेको बताए। आफूहरूले यो मेडिकल यूनिटलाई २६ जनवरीको दिन नै उद्घाटन गर्ने सोच बनाएको तर त्यस अवधि जीटीए मुख्य सचिव सुब्रतो विश्वासका पिता बित्नुभएकोले त्यस समय उद्घाटन कार्य हुन नसकेको जनाउँदै आज आफूहरूको सोच पूरा भएको तामङले बताए। यस मेडिकल युनिट एवं मोइबल भ्यानमा डाक्टर, नर्स, दवाई-पानी सबैथोक रहनेछ भन्दै तामाङले गाउँ-बस्ती क्षेत्रहरूमा बसोबासो गर्ने गरिबी रेखामुनिका परिवारहरूको अवस्थालाई विषेश ध्यानमा राखेर यसप्रकारको मेडिकल युनिट एवं मोबाइल भ्यानको व्यवस्था जीटीए-ले गरेको जानकारी दिए। तामङले यो मेडिकल युनिट गरीब परिवारहरूप्रति समर्पित रहेको पनि बताए।

# मुख्यमन्त्रीले गरे ट्युलिप उद्यानको उद्घाटन




**राभाङला, १२ मार्च।** मुख्यमन्त्री पवन चामलिङ सोमबार तथागत सलमा ट्युलिप उत्सव एवं प्रेरणात्मक चर्चा कार्यक्रममा सहभागी बने। तथागत सल समितिद्वारा मानव संसाधन एवं विकास विभागको समन्वयमा आयोजित उक्त कार्यक्रममा विधानसभाका अध्यक्ष केएन राई,

▶रहल पाता २-मा

## नाबालिकमाथि यौन दुर्व्यवहारको आरोपमा दुई पक्राउ

**गान्तोक, १२ मार्च।** दक्षिण सिक्किमको मल्ली पुलिसले एक नाबालिकमाथि यौन दुर्व्यवहार गरेको आरोपमा दुई व्यक्तिलाई पक्राउ गरेको छ। पक्रा पर्ने व्यक्तिहरू बीरबहादुर विश्वकर्मा (२१) र सन्तबीर विश्वकर्मा (२३) रहेका छन्। दुवै दक्षिण सिक्किमको लोवर सुन्तले निवासी हुन्। पुलिस सूत्रबाट प्राप्त जानकारी अनुसार आरोपीहरूमाथि एक १३ वर्षिय नाबालिकमाथि यौन दुर्व्यवहार गरेको आरोप छ। पुलिसले घटनाको छानबीन गरिरहेको छ। आरोपीहरू विरूद्ध पुलिसले प्रोटेक्सन अफ चिल्ड्रन फ्रम सेक्सुअल अफेन्सेस एक्ट, २०१२ अन्तर्गत मामिला दर्ता गरेको छ।